आज मिति २०८१ साल श्रवाण ३० गते दिनको ११ : ०० बजे यस सुनिलस्मृति गाउँपालिकाका अध्यक्ष श्री मणिराम वुढाथोकीज्यूको अध्यक्षतामा, गाउँ कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा आ.व. २०८१/०८२ को दोश्रो गाउँ कार्यपालिकाको बैठक बसी देहायका प्रस्तावहरु माथी छलफल गरी देहाय बमोजिम निर्णय गरियो ।

उपस्थिती :

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री मणिराम वुढाथोकी | गाउँपालिका अध्यक्ष | |
| २ | श्री मिना थापा | गाउँपालिका उपाध्यक्ष | |
| ३ | श्री पवन कुमार कवर | वड़ा अध्यक्ष वडा नं. १ | |
| ४ | श्री नेत्र बहादुर गिरी | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | श्री दुर्गा बहादुर विष्ट | वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री मणि थापा | वडा अध्यक्ष वडा नं. ५ | |
| ७ | श्री लोकेन्द्र बहादुर थापा | वडा अध्यक्ष वडा नं. ६ | |
| ८ | श्री रेशम शर्मा | वडा अध्यक्ष वडा नं. ७ | |
| ९ | श्री धनराज रोका | वडा अध्यक्ष वडा नं. ८ | |
| १० | श्री रितादेवी थापा | कार्यपालिका सदस्य वडा नं. ३ | |
| ११ | श्री निर्मला पुनमगर | कार्यपालिका सदस्य वडा नं. ४ | |
| १२ | श्री अनिता थापा | कार्यपालिका सदस्य वडा नं. ६ | |
| १३. | श्री इन्द्रा रोकामगर | कार्यपालिका सदस्य वडा नं. ८ | |
| १४ | श्री तुलसी सुनार | कार्यपालिका सदस्य वडा नं. १ | |
| १५ | श्री नेमलाल दमाई | कार्यपालिका सदस्य वडा नं. ७ | |
| १६ | श्री गोविन्द भट्टराई | सचिव, प्रमुख प्रशासकीय अधिकृत | |
| आमन्त्रीत सदस्य | | | |
| १ | पुर्ण बहादुर सुनार | का.वा. वडा अध्यक्ष वडा नं. ४ | |
| सहयोगी कर्मचारीहरु | | | |
| १ | रनवीर वुढा | प्रशासन शाखा प्रमुख | |
| २ | रेकम पोखेल | लेखापाल | |
| ३ | दुर्योधन महरा | सहायक कम्प्यूटर अपरेटर | |
| ४ | गण बहादुर थापा | सहयोगी | |

प्रमुख प्रशासकीय अधिकृत

मणिराम बुढाथोकी
अध्यक्ष

## दोश्रो गाउँ कार्यपालिका बैठकका प्रस्तावहरु :

१. वार्षिक समिक्षा सम्बन्धमा ।

२. नदिजन्य पदार्थको उत्खनन् तथा बिक्रिवितरण सम्बन्धमा ।

३. घरनक्सा अभिलेखिकरण सम्बन्धमा ।

४. वार्षिक योजना तथा कार्यक्रम कार्यान्वयन सम्बन्धमा ।

५. चालु आ.व.को स्थानीय दररेट कायम गर्ने सम्बन्धमा ।

६. नगर प्रहरी रासनको व्यवस्थापन सम्बन्धमा ।

७. विविध छलफल सम्वन्धमा ।

## २०८१ साउन ३० गते बसेको दोश्रो गाउँ कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु

| प्रस्ताव नं. | प्रस्ताव | संक्षिप्त व्यहोरा | प्रस्तावित निर्णय | निर्णय |
|---|---|---|---|---|
| १. | वार्षिक समिक्षा सम्बन्धमा । | अघिल्लो आ.व. भएको भौतिक तथा वित्तिय प्रगतिको समिक्षा गर्न आवश्यक रहेको । | गाउँ कार्यपालिकाका अघिल्लो आर्थिक वर्षमा भएका भौतिक तथा वित्तिय प्रगतिको समिक्षा गरियो । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| २. | नदिजन्य पदार्थको उत्खनन् तथा बिक्रिवितरण सम्बन्धमा । | नदिजन्य पदार्थको उत्खनन् तथा बिक्रि वितरण गर्न आवश्यक रहेको । | नदिजन्य पदार्थ उत्खनन् तथा बिक्रि बितरणका लागि प्राविधिक मूल्याङ्कनद्धारा पुनरावलोकन गरी परिमाणको एकिन गर्न र नियमानुसार वोलपत्र आह्वान गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| ३ | घरनक्सा अभिलेखिकरण सम्बन्धमा । | घरनक्सा अभिलेखिकरण कार्यको म्याद थप गर्न आवश्यक रहेको । | सुनिलस्मृति गाउँपालिका भवन निर्माण तथा सडक मापदण्ड, २०७७ को परिच्छेद ५.१ को (१.२) मा उल्लेख भएको "मिति २०७८/०१/०१ गते भन्दा अगावै" भन्ने वाक्यांस हटाई संशोधन गर्ने, घर नक्सा अभिलेखिकरण कार्यविधि, २०७६ को परिच्छेद २ "१६क" थप गरी घर जग्गा नामसारीका लागि देहाए वमोजिम कागजात आवश्यक पर्ने गरी कार्यविधिमा संशोधन गर्ने । यस अगाडि कार्यालयबाट जारी भएको सूचना म्याद पछाडि प्राप्त भई कार्यालयमा दर्ता भएको निवेदनहरुको आवश्यक कारवाही अगाडी वढाउने र घर जग्गा अभिलेखिकरणको लागि निवेदन दर्ता गर्न थप ३० दिनको सार्वजनिक सूचना प्रकाशन गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |

प्रमुख प्रशासकीय अधिकृत

[illegible]राम बढाथोकी

| | | | | |
|---|---|---|---|---|
| ४ | वार्षिक योजना तथा कार्यक्रम कार्यान्वयन सम्बन्धमा । | वार्षिक योजना तथा कार्यक्रम तत्काल सञ्चालन गर्न आवश्यक रहेको । | चालु आ.व.को स्वीकृत योजना तथा कार्यक्रम तत्काल सञ्चालनका लागि देहाय बमोजिमको कार्य गर्ने ।<br>देहाय<br>क) उपभोक्ता समितिबाट सञ्चालन हुने योजनाहरु छनौट गरी असोज मसान्त सम्म उपभोक्ता समिति गठन तथा अभिमूखिकरण गरिसक्ने ।<br>ख) कार्तिक मसान्त सम्म संझौता गरी कार्यदेश दिनुपर्ने ।<br>ग) चैत्र मसान्त पछि गाउँपालिकाका कुनै पनि योजनाहरु संझौता नगर्ने र संघ र प्रदेश सरकारबाट चैत्र मसान्त पछि रकम प्राप्त भएकोमा कार्यप्रकृति हेरी संझौता गरि काम गर्ने ।<br>घ) जेठ मसान्तसम्म योजना सम्पन्न गरी भुक्तानीका लागि पेश गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| ५ | चालु आ.व.का स्थानीय दररेट कायम गर्ने सम्बन्धमा । | चालु आ.व.को लागि सञ्चालन हुने सार्वजनिक निर्माण, मालसामान, परामर्श सेवा तथा अन्य सेवा खरिद गर्दा निर्माण सामग्री, ज्याला, भाडा तथा महसुलको स्थानीय दररेट कायम गर्न आवश्यक रहेको । | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३. अनुसार गाउँपालिकाबाट आफ्नो क्षेत्रभित्र सञ्चालन हुने सार्वजनिक निर्माण, मालसामान, परामर्श सेवा तथा अन्य सेवा खरिद गर्दा निर्माण सामग्री, ज्याला, भाडा तथा महसुलको स्थानीय दररेट कायम गर्नु पर्ने भएकोमा जिल्ला दररेट निर्धारण समिति, रोल्पाबाट आ.व. २०८१/०८२ का लागि कायम गरेको दररेटलाई स्वीकृत गरी लागु गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| ६ | नगर प्रहरी रासनको व्यवस्थापन सम्बन्धमा । | नगर प्रहरीहरुलाई रासनको व्यवस्था गर्न आवश्यक देखिएको । | गाउँपालिकामा कार्यरत नगर प्रहरीहरुलाई रासन वापत मासिक ३०००।- (अक्षरुपी तीन हजार मात्र) रुपैया उपलब्ध गराउने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |

प्रमुख प्रशासकीय अधिकृत

मणिराम बुढाथोकी
अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| ७ | विविध छलफल सम्बन्धमा । | प्रस्ताव भित्र नपरेका अध्यक्षज्यू, कार्यपालिका सदस्यज्यूहरुबाट प्रस्तावित प्रस्तावहरु निर्णय गर्न आवश्यक देखिएको ।<br>क) बालबालिकाको वस्तुगत विवरण (प्रोफाइल),२०८१ स्वीकृत सम्वन्धमा । | क) बालमैत्री स्थानीय शासन घोषणा कार्यविधि, २०७९ को अनुसूची १ र २ बमोजिम तयार गरिएको बालबालिकाको वस्तुगत विवरण स्वीकृत गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| | | ख) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण विषय सम्वन्धमा । | ख) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण दिग्दर्शन, २०७८ मा व्यवस्था भए अनुसार गाउँपालिकाको अध्यक्षको संयोजकत्वमा गठन गरिएको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समितिको काम, कर्तव्य र अधिकार स्वीकृत गर्ने ।<br>लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सहायता कक्षको लागि लैससास शाखालाई जिम्मेवारी दिने र काम, कर्तव्य स्वीकृत गर्ने ।<br>लैससास सम्पर्क व्यक्ति भगवती बुढालाई तोकी कार्यविवरण सहित जिम्मेवारी दिने ।<br>लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण आचारसंहिता, २०८१ स्वीकृत गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| | | ग) सार्वजनिक सुनुवाई अनुगमन समिति गठन गर्ने सम्बन्धमा । | ग) तपसिल बमोजिमको सार्वजनिक सुनुवाई अनुगमन समिति गठन गर्ने ।<br>तपसिल<br>१) पवन कुमार कवर -संयोजक<br>२) अनिता थापा -सदस्य<br>३) रनवीर वुढा -सदस्य<br>४) शालिकराम सुवेदी -सदस्य<br>५) लोकेन्द्र चन्द -सदस्य | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| | | घ) बहाल कर सम्बन्धमा । | घ) सुनिलस्मृति गाउँपालिकाको आर्थिक ऐन, २०८१ मा भएको व्यवस्था बमोजिम चालु आर्थिक वर्ष २०८१/०८२ को श्रावण १ देखि लागु हुने गरी नियमानुसार वहाल संकलन गर्न सार्वजनिक सूचना प्रकाशन गर्ने र लगत संकलनका लागि नगर प्रहरी परिचालन गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |

प्रशासकीय अधिकृत

भणिराम बुढाथोकी

| | | | | |
|---|---|---|---|---|
| | | ङ) फोहोर संकलन शूल्क सम्बन्धमा । | ङ) सुनिलस्मृति गाउँपालिकाको आर्थिक ऐन, २०८१ मा भएको व्यवस्था वमोजिम फोहोर संकलन तथा व्यवस्थापन शूल्क बुझाउन सार्वजनिक सूचना प्रकाशन गर्ने र सोको लगत संकलनका लागि नगर प्रहरी परिचालन गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| | | च) मेडिकल अधिकृतको म्याद थप सम्वन्धमा । | च) प्राथमिक स्वास्थ्य केन्द्रमा कार्यरत मेडिकल अधिकृत डा. हिमराज बुढाथोकीको छात्रवृत्ति करारको मिति २०८१/०४/२३ गते म्याद सकिएकोले करार म्याद थप नगरी स्थायी पदपूर्तीका लागि प्रदेश मन्त्रालयमा माग गरी पठाउने र प्रदेश मन्त्रालयबाट पदपूर्ती हुन नसकेमा गाउँपालिकाबाट करारमा नियुक्तिका लागि दरखास्त आह्वान गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| | | छ) कवाडि सामान संकलन तथा विक्रि वितरण सम्बन्धमा । | छ) कवाडि सामान (सिसा, प्लाष्टिक, धातु, कागजजन्य) संकलन तथा विक्रि वितरणका लागि नियमानुसार बोलपत्र आह्वान गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| | | ज) दुई पाङ्ग्रे सवारी साधन खरिद सम्बन्धमा । | ज) गाउँपालिका तथा वडा कार्यालयहरुमा दुई पाङ्ग्रे सवारी साधन (मोटरसाइकल) ४ थान र (स्कुटर) १ थान आवश्यक रहेको हुदाँ कन्टेन्जेन्सी खर्च शिर्षकबाट सवारी साधन खरिद गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| | | झ) तिज मिलन कार्यक्रम आयोजना गर्ने सम्बन्धमा । | झ) मिति २०८१/०५/१५ गते शनिवारका दिन गाउँपालिका स्तरीय तिज मिलन तथा शुभकामना आदानप्रदान कार्यक्रमको आयोजना गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |

प्रमुख प्रशासकीय अधिकृत

मणिराम बुढाथोकी
अध्यक्ष